
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ५ गते आइतबार ❑ 19 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कांग्रेसले गरेका कामको प्रचार हुन सकेन : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, ४ असार

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेसकै कारण तनहुँ जिल्लामा उल्लेख्य विकास भए पनि प्रचार गर्न नसकिएको बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-११ रानीगाउँमा आज आयोजित युवा अग्रजहरूसँगको भेटलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले कांग्रेसले गरेको विकासलाई प्रचार गर्न नसक्दा पछि परेको उल्लेख गर्नुभयो ।

"यति धेरै भौतिक संरचना बनेका छन्, तनहुँवासीको आर्थिक उन्नति, रोजगारी सिर्जना भएको छ, तर कांग्रेसले गरेको हो भनेर प्रचार गर्न सकेनौं", पौडेलले भन्नुभयो ।



वरिष्ठ नेता पौडेलले कांग्रेसकै कारण जिल्लामा उल्लेख्य विकास भएको दाबी गर्नुभयो ।

विसं २०४७ सम्म पृथ्वीराजमार्गबाहेक बाटोको पहुँच नभएको जिल्लामा कांग्रेसकै कारण बाटोघाटोमा ठूलो विकास भएको उल्लेख गर्दै वरिष्ठ नेता पौडेलले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, खानेपानीलगायतमा पनि हाम्रो ठूलो लगानी छ ।"

वरिष्ठ नेता पौडेलले गत निर्वाचनबाट केपी शर्मा ओलीको सरकारलाई देश बनाउनका लागि पाँच वर्षको म्याण्डेट दिइए पनि आपसी द्वन्द्वका कारण सरकार परिवर्तन भएको उल्लेख गर्नुभयो । "देशको विकास होस् भन्ने हाम्रो पनि चाहना थियो, तर उहाँहरूकै झगडाका कारण कांग्रेस नेतृत्वमा सरकार बनेको छ", पौडेलले भन्नुभयो । वरिष्ठ नेता पौडेलले कांग्रेस कमजोर हुनुमा कांग्रेसले जनताको चाहनाअनुसार काम नगर्नु मुख्य कारण रहेको बताउँदै भन्नुभयो, "कम्युनिष्टहरू मिलेका कारण पनि कांग्रेस कमजोर भयो, तर जनताको चाहनाअनुसार काम गर्न सकिए कांग्रेस एक्लै बलियो हुन्छ ।" संविधान निर्माणका लागि कांग्रेसको योगदानलाई जनताले भुल्न नसक्ने बताउँदै उहाँले भन्नुभयो, "माओवादीलाई शान्तिपूर्ण प्रक्रियामा ल्याउन मेरो ठूलो भूमिका छ।" वरिष्ठ नेता पौडेलले उत्पादनमुखी हुनुपर्नेमा जोड दिँदै खेत मासेर घर बनाउने कार्य नगर्न सुझाव दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्मा, व्यास नगरपालिकाका पूर्वप्रमुख ताराप्रसाद श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

## हिमाल र उषा बने पोखरा राष्ट्रिय साइक्लिङ प्रतियोगिताको विजेता

पोखरापत्र संवाददाता
पोखरा, ४ असार

पोखरा राष्ट्रिय साइक्लिङ प्रतियोगितामा पुरुषतर्फ हिमाल टमाटा र महिलातर्फ उषा खनाल विजयी भएका छन् ।

पोखरा महानगर खेलकुद विकास समितिको आयोजना, साइकल सिटी पोखरा र साइक्लिङ संघ कास्कीको सहआयोजनामा पोखरामा शनिबार भएको ४५ किलोमिटरको प्रतियोगितामा नेपाल आर्मीका टमाटा र गोरखाकी उषा प्रथम भएका हुन् । २ घण्टा ३४ मिनेट १० सेकेण्डमा निर्धारित दुरी पार गर्दै टमाटा पुरुषतर्फ र सोही दुरी ३ घण्टा ८ मिनेट ४० सेकेण्डमा पार गर्दै महिलातर्फ उषा प्रथम भएको आयोजकले जनाएको छ ।

पुरुषतर्फ एपीएफका लक्ष्मण मल्ल द्वितीय र कास्कीका हिक्मत विक तृतीय भएको आयोजक खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए । मल्ले २ घण्टा ३७ मिनेट ५० सेकेन्डमा र विकले २ घण्टा ४६ मिनेट ३९ सेकेण्डमा निर्धारित ४५ किलोमिटर दुरी पार गरे ।



महिलातर्फ नुवाकोटकी लक्ष्मी मगर द्वितीय र धरानकी इन्द्रकुमारी तामाङ तृतीय भए । मगरले ३ घण्टा ३३ मिनेट ७ सेकेण्ड र तामाङले ४ घण्टा ५ मिनेट ३ सेकेण्डमा ४५ किलोमिटर पुरा गरेका हुन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ३०, २० र १० हजार रुपैयाँ पुरस्कार, मेडल र प्रमाणपत्र पाएका छन् । सहभागी सबैलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा पोखरा, काठमाडौं, गोरखा, बुटवललगायत ठाउँका ८१ खेलाडी सहभागी थिए । पुरुष ७६ जना र महिला ५ जना प्रतियोगितामा सहभागी भएको सहआयोजक साइक्लिङ संघ कास्कीका अध्यक्ष शंकर भण्डारीले जानकारी दिए । पोखरा १६ स्थित कालीखोलाको पुलबाट सुरु भएको प्रतियोगिता च्यालेचौर, मौजा, आँटीघर, अर्मलाकोट, ढिकीडाँडालगायत ठाउँ हुँदै कालीखोलाको पुलमै पुगेर सकिएको थियो । प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आउँदो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा राष्ट्रिय भेटेरिनरी सम्मेलन

पोखरापत्र संवाददाता
पोखरा, ४ असार

पशु चिकित्सा र स्वास्थ्यका क्षेत्रमा भएका अनुसन्धान तथा खोजको प्रस्तुति र नेपालको भेटेरिनरी क्षेत्रका विषयमा छलफलका लागि पोखरामा शुक्रबारदेखि १४ औं संस्करणको राष्ट्रिय भेटेरिनरी सम्मेलन सुरु भएको छ ।

नेपाल भेटेरिनरी एशोसिएशनले आयोजना गरेको सम्मेलनको गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले उद्घाटन गर्नुभयो । सम्मेलनमा पशु चिकित्सा र स्वास्थ्य, पशुपन्छी तथा मत्स्य उत्पादन र व्यवस्थापन, जलवायु परिवर्तन र पशुपालन क्षेत्रको आर्थिक तथा सामाजिक प्रभावमा छलफल हुनेछ । पशुपन्छी तथा मत्स्यपालनमा नीतिगत पैरवीलगायतका क्षेत्रहरूमा भएका अनुसन्धान तथा खोजको प्रस्तुति तथा छलफलका लागि सम्मेलनको आयोजना गरिएको नेपाल भेटेरिनरी एशोसिएशनका केन्द्रीय अध्यक्ष डा शीतलकाजी श्रेष्ठले बताउनुभयो । पशु चिकित्सा र स्वास्थ्यका क्षेत्रमा भेटेरियनको योगदानका कारण दूध, मासु र अण्डामा नेपाल आत्मनिर्भर भएको घोषणा गरिएको उहाँले बताउनुभयो । श्रेष्ठले हालै नेपाल सरकारले देशका विभिन्न ३०० स्थानीय तहमा पशु चिकित्सक भर्ना गरेर कृषकलाई भेटेरिनरी सेवा पुऱ्याउने निर्णय गर्नु प्रशंसनीय रहेको बताउनुभयो । नेपाल सरकारले पशुपन्छीसँग सम्बन्धित विभिन्न विषयमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ । सन् २०३० सम्ममा रेबिजका साथै खोरेत, पिपिआरलगायत रोग उन्मूलन गर्ने सरकारको प्रतिबद्धता छ । सम्मेलनमा यी प्रतिबद्धताको कार्यान्वयन अवस्थाको समीक्षा र सुधार गर्नुपर्ने विषयमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बागलुङ उद्योग वाणिज्य संघको अध्यक्षमा कँडेल

पोखरापत्र संवाददाता
बागलुङ, ४ असार

बागलुङ उद्योग वाणिज्य सङ्घको अध्यक्षमा नरेश कँडेल सर्वसम्मत हुनुभएको छ ।

बागलुङ उद्योग वाणिज्य सङ्घको निर्वाचन अधिकृत भूमिश्वर गौतमका अनुसार सङ्घको अध्यक्षमा कँडेल सर्वसम्मत चयन भएको बताउनुभयो । सङ्घको नयाँ नेतृत्वका लागि आजै मतदान हुँदै थियो । मतदानअघि नै प्रतिस्पर्धी निर्माणकुमार श्रेष्ठलाई हटाएर कँडेललाई सर्वसम्मत अध्यक्ष चयन गरिएको छ । दुवै उम्मेदवार नेपाली कांग्रेस समर्थक व्यवसायी हुन् । पार्टीले सर्वसम्मत कँडेललाई बनाउन समन्वय गरेपछि निर्माणकुमार श्रेष्ठ पछाडि हट्नुभएको हो । बागलुङ उद्योग वाणिज्य सङ्घको संस्थागत विकास गरी आम उद्योगी र व्यवसायीको हितमा आफूले काम गर्ने अध्यक्ष कँडेलले बताउनुभयो । उहाँले सबैलाई समेटेर उद्योगी व्यवसायीको हितमा लाग्ने बताउनुभयो । कँडेल पूर्वउपाध्यक्ष र निर्वतमान महासचिवसमेत हुनुहुन्थ्यो ।

## जनताको स्वास्थ्य सुरक्षाको लागि वडा १३ का घरघरमा कागती

पोखरापत्र संवाददाता
पोखरा, ४ असार

हजुरको घरमा अचार पाक्यो ? नुनिलो विनाको तरकारी जस्तै अचार अमिलो विना स्वाद पर्दैन । अचार भन्ने वित्तिकै ट्वाक्क पिरो साथमा अमिलो स्वादले मात्र पुर्ण हुन्छ । पुरानो अमिलो होइन । अव आफ्नै वारीवाट टिपेर पाकेको अचारमा अन्तिममा कागतीको अमिलो निचरेर खाए पछि स्वाद पनि मिठो । शरीर पनि टाठो । अव ती दिन हजुरकै घरमा बातवरण वन्दै छ । स्वास्थ्य शरीर फुर्तिलो शरीर सँगै वातवरण मैत्री वडा वनाउने उद्देश्यले वडा नं १३ का अध्यक्ष किरण वरालले आफ्ना जनतालाइ शनिवार कागतीका विरुवा वितरण अभियन सरु गरेका छन् । सोही अभियान अनुसार पोखरा महानगरपालिका वडा नं १३ मा निशुल्क कागतीका विरुवा वितरण गरेको छ । वातवरण मैत्री वडा बनाउने उद्देश्यले पाँच हजार घरधुरीलाइ विरुवा वितरण गरिएको हो ।



वडा १३ मा स्थित टोल विकास संस्थाका अध्यक्षलाइ शनिवार भेला गराइ उनीहरु मर्फत प्रत्येक घरधुरीलाई एक एक ओटाका दरले कागतीका विरुवा बाँडिएको वडा नं १३ का अध्यक्ष किरण वरालले वताए । भेलामा सम्बोधन गर्दै अध्यक्ष किरणले जडिबुटीको रुपमा रहेको कागतीलाई घरमा लगेर अनिवार्य रोप्नको लागि अनुरोध गरे । कागती स्वास्थ्यको दृष्टिकोणले पनि राम्रो भएकाले विरुवा रोपेपछि संरक्षण र सम्बर्धन गरी आयआर्जनको माध्यम बनाउन सके कार्यक्रम अझ फलदायी हुने अध्यक्ष वरालले वताए । वडाध्यक्ष वरालले आफ्नो पाँच बर्षे कार्यकाल पोखराकै नमुना बनाउने गरी आफु अगाडी बढेको हुँदा यो कार्यक्रम पनि त्यसैको निरन्तरता रहेको भने । एक घर एक कागती कार्यक्रम वडाको पर्यावरण र कृषि क्षेत्र तर्फको पहिलो कार्यक्रम भएको हुनाले यसलाई प्रभावकारी बनाउन सबै लाग्नुपर्ने वडा सदस्य सुचित तमाङले पोखरापत्रलाइ वताइन् ।

स्थानीयवासी तथा समाजसेवी गणेश आचार्यले वडाले दिएको कागतीको विरुवा सोही दिन रोपेको पोखरापत्रलाइ वताए । दिनहुँ कागती पानी पिउँदा हरेकको स्वास्थ्यमा अपूर्व परिवर्तन आउने भएकोले वडाले जनतामुखी कार्यक्रम गरेकोमा दिलै देखि प्रशंसा गरे समाजसेवी शरदकान्त सिग्देलले ।

सोही कार्यक्रममा वडा अध्यक्षले उपस्थित भएका टोल विकास संस्थाका अध्यक्षहरु सँग मागगरेका योजना र सुझावका वारेमा व्यापक छलफल भएको थियो ।



# अब हामी जनप्रतिनिधि होइन, तपाईंहरुको सेवक हौं : उपमेयर गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

आँधिखोला तमु समाज पोखरा -१५ ले नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा सम्मान गरेको छ। समाजले आफ्नै भवनमा शनिबार उपमेयरसहित वडाका जनप्रतिनिधिहरुलाई सम्मान कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा पोखरा महानगरपालिकाकी उपमेयर मञ्जुदेवी गुरुङले आँधिखोला तमु समाजसँग आफ्नो भावनात्मक निकटता रहेको बताइन् । उनले २०७४ सालको निर्वाचनमा प्रचारप्रसारको कार्यक्रम यही समाजबाट शुरु गरी सफलता प्राप्त गरेको भन्दै यसपटक पनि वडा नं -१५ का जनप्रतिनिधि सहित आफूलाई पुनः निर्वाचित गराउन सहयोग गर्ने सम्पूर्णमा आभार प्रकट गरिन् ।

उपमेयर गुरुङले बसाईसराईको क्रममा देशको जुनसुकै स्थानमा तमुहरु बसोबास गरेको भएपनि आफ्नो धर्म संस्कार संकृति र रहनसहनलाई उजागर गर्दै संरक्षण गर्नु र समाजमा रमाईलो गरी बस्नु तमुहरुको विशेषता भएको बताइन्। उनले तमुहरुले सरकारी कामकाजको विषयमा झिजो मान्ने र प्रक्रितागत कागजमा अल्छी मान्ने बरु आफै पैसा संकलन गरेर काम गरौं भन्ने मनस्थितिले महानगरले दिँदै आएको आयमुलक कार्यक्रमहरुमा जोडिन नचाहेको भन्दै दुखेसो पोखिन्। उनले संघ र प्रदेशबाट विभिन्न समयमा सीपमुलक, कृषि र युवाका लागि तालिमहरु आइरहने भन्दै वडाका जनप्रतिनिधि तथा आफैलाई भेटेर जानकारी लिएर लाभान्वित हुन उपस्थित सबैलाई आग्रह गरिन् । उनले अब समानुपातिक विकासमा जानु पर्ने भन्दै महिलाहरुलाई सशक्तिकरण गर्दै अगाडि लैजाने बताइन् । जनताले अमूल्य मत दिएर जनप्रतिनिधि बनाएको भन्दै अब आफूहरु जनप्रतिनिधि नभएर सेवक भएको उनले प्रतिक्रिया दिइन् । यस्तै, पोखरा -१५ का नव निर्वाचित वडा अध्यक्ष तोरण बहादुर बानियाँले पूर्वाधारको विकासले मात्र मानविय विकास नहुने भन्दै महिला उधमशिलता, युवा स्वरोजगार, शिक्षा, खेलकुद र कृषिलाई पनि सँगसँगै लिएर अगाडि बढे मात्र मानविय विकास हुनुको साथै समाज पनि अगाडि बढ्नेमा जोड दिए । उनले वडा नं -१५ को अहिलेको बजेटमा ६० प्रतिशत पूर्वाधार र ४० प्रतिशत अन्य मानविय विकासका लागि छुट्ट्याइएको जानकारी दिए। अबका योजनाहरु जनप्रतिनिधिको प्रयासले मात्र सम्पन्न हुन नसक्ने भन्दै सबैले आत्मसात गरेर हातेमालो गर्दै अगाडि बढ्न अध्यक्ष बानियाँले आग्रह गरे ।

कार्यक्रममा आँधिखोला तमु समाजका संस्थापक तथा पोखरा -१५ का निवर्तमान सदस्य रुक बहादुर गुरुङले जनप्रतिनिधिहरुलाई आफ्नो समाजमा स्वागत तथा सम्मान गर्न पाउँदा खुशी लागेको बताए । लिल बहादुर गुरुङको अध्यक्षतामा भएको उक्त स्वागत तथा सम्मान कार्यक्रममा समाजका उपाध्यक्ष शंकर गुरुङ र सचिव मेलिना गुरुङले शुभकामना मन्तव्य दिएका थिए भने कार्यक्रमको संचालन खिम गुरुङले गरेका थिए ।

# वडा १३ का आठ विद्यालयका शिक्षकलाई अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**



पोखरा महानगरपालिका वडा नं १३ को आयोजनामा वडा भित्रका आठ सामुदायिक विद्यालयका ३६ जना शिक्षकहरुलाई स्थानिय पाठ्यक्रम प्रवोधिकरण तथा नविनूतम शिक्षण विधि सम्बन्धी एक दिने अभिमूखीकरण कार्यक्रम शनिवार सम्पन्न भयो ।

कार्यक्रममा वडा अध्यक्ष वरालले आवश्यकताका आधारमा पाँचवर्षमा विद्यालयको भौतिक तथा शैक्षिक उन्नती गराइ संस्थागत विद्यालयसँग सजिलै प्रतिस्पर्धा गर्ने वातवरण सिर्जन गर्ने भने । विद्यालयमा घुम्ती बैठक वसी वस्तुगत समस्याको पहिचान गरी विद्यालयका हरेक समस्याहरु तत्कालै समाधान गर्दै जानेमा वडा अध्यक्ष वरालले जोड दिए । पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ अधिकृत वद्रिनाथ सुवेदी र इन्द्रराज्य मावि लामाचौरका प्रधानाध्यापक केशव अमगाइले अभिमूखीकरण कार्यक्रममा प्रशिक्षण दिएका थिए। भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोक वहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली माविका प्रधानाध्यापक घनश्याम रिजालले स्वागत र सह प्रधानाध्यापक राजेन्द्र भण्डारीले संचालन गरेका थिए।

# होण्डा एक्सचेन्ज मेला असार ५ देखि

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

कुवँर ब्रदर्श एण्ड सन्स् प्रा.लि. कम्पनीले यहि असार ५ देखि १० गतेसम्म होण्डा एक्चेन्स मेलाको अयोजना गरेको छ।

सोआवसरमा कुनै पनि पुरानो मोटरसाइकल तथा स्कुटरमा होण्डाको नयाँ मोटरसाइकल तथा स्कुटर साटफेर गर्न सकिन्छ । नयाँ होण्डाको मो.सा. तथा स्कुटर खरिद गर्दा विशेष छुट समेत रहेको छ । होण्डाको मोटरसाइकल तथा स्कुटरमा बजार मुल्य भन्दा थप ७,०००/- नगद उपलब्ध हुनेछ भने अन्य कम्पनीकामा नगद बजार मूल्य भन्दा थप विशेष उपलब्ध पाउनेछन् ।

साथै नयाँ बाइकको टेस्ट राइड गर्ने आवसर पनि रहेको छ। होण्डा ब्राण्डको बिक्री पछिको सेवा रिसेल भ्यालु, गुणस्तरीय स्पेयर्स पार्टस, मोवाईल सर्भिस जस्ता सुविधा समेत रहेको कुँवर ब्रदर्श एण्ड सन्सले जनाएको छ।

# अपाङ्गमैत्री कानून बनाउने सवालमा गण्डकी सरकार सकारात्मक : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

गण्डकी प्रदेश सरकारका कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले प्रदेश सरकार अपाङ्गमैत्री कानुन तथा नीति बनाउने सवालमा सकारात्मक रहेको बताउनुभएको छ।



डिडा नेपाल र इन्सेकको आयोजनामा शनिबार सम्पन्न "दिगो बिकास र अपाङ्गता सवालमा सेवाग्राही तथा सेवा प्रदायक बीच अन्तरक्रिया कार्यशाला" कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

मन्त्री थापाले अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले गर्ने भेदभाव पहिले भन्दा सुधारोन्मुख रहेपनि पुर्णरुपमा हटाउन राज्य, समाज र सरोकारवाला एक हुनुपर्ने बताउनुभयो । नयाँ बन्ने संरचनाहरु अपाङ्गमैत्री बन्दै गएको र कानून कार्यन्वयनमा समेत प्रदेश सरकार चनाखो रहेको भनाई उहाँको थियो । उहाँले कानुन मात्रै बनाएर नभई त्यसको कार्यन्वयन गर्नु चुनौतीपूर्ण विषय भएकाले प्रभावकारी कार्यन्वयनमा नागरिक अधिकारकर्मीहरुको भुमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो। "अन्तरक्रिया कार्यक्रम मार्फत महत्वपूर्ण विषयहरु उठान भएका छन् । जसको कार्यन्वयन हुनुपर्ने आवश्यकता छ । प्रदेश सरकार अपाङ्गमैत्री कानून निर्माण गर्ने कुरामा प्रतिबद्ध छ । अपाङ्गता भएका व्यक्तिहरुको समस्यालाई समाधान गर्ने गरी हामी लागिपरेका छौं ।", उहाँले भन्नुभयो । गण्डकी प्रदेश नीति तथा योजना आयोग सदस्य माया तिमिल्सिनाले दिगो बिकास लक्ष्य कुनै एक मन्त्रालयको मात्रै नभई सबै मन्त्रालय र सरोकारवालाहरुको बिषय भएको बताउनुभयो । उहाँले नीति तथा योजना निर्माणमा लक्षित बर्गको अर्थपूर्ण सहभागीता गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। दिगो विकास कार्यन्वयनमा स्थानीय तहको भुमिका महत्वपूर्ण हुने भनाई उहाँको थियो । प्रदेशमा सुचकहरु तयार भएको तर स्थानीय तहमा सुचक तयार नभएको भन्दै उहाँले बजेट लगत्तै स्थानीय तहमा पुगेर दिगो बिकास लक्ष्यलाई स्थानीयकरण गरिने बताउनुभयो । गैसस गण्डकी अध्यक्ष पदम पहारीले पोखरा ब्युटिफिकेशनका लागि भनेर बनाईएको फुट ट्र्याक अपाङ्ग मैत्री बन्न नसकेको भन्दै त्यसलाई अपांगमैत्री बनाउन आग्रह गर्नुभयो। नेपाल नेत्रहीन संघका केन्द्रिय महासचिव शिशिर खनालले अपाङ्गता भएकाहरुको नाममा ब्लुबुक रहने गरि चार पाङ्ग्रे हलुका सवारीसाधनलाई भन्सार छुट गर्न माग गर्नुभयो ।

इन्सेक गण्डकी संयोजक शिव खकुरेलले निशुल्कः व्हिलचेयरका लागि प्रदेश सरकारले बजेट बिनियोजन गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो। राज्यले अपाङ्गता भएका व्यक्तिहरुको लागि ल्याएको नीति योजना र बजेट कार्यन्वयनको अवस्थालाई अनुगमन गरि प्रभावकारी कार्यन्वयन गर्न लाग्नु पर्ने भनाई उहाँको थियो । स्थानीय तहको निर्वाचनमा अत्यन्तै न्यून अपांगता भएका ब्यक्तिहरु जनप्रतिनिधिको रुपमा उपस्थिति रहेको भन्दै आगामी निर्वाचनमा हरेक राजनीतिक दलले अपाङ्गता भएका ब्यक्तिहरुको आरक्षणको ब्यबस्थापन गर्न माग गर्नुभयो । अपाङ्गता भएका ब्यक्तिहरुको अर्थपूर्ण सहभागिता हुन आवश्यक रहेको भनाई उहाँको थियो । राज्यले अपाङ्गताका क्षेत्रमा सम्बोधन गर्नुपर्ने बिषयलाई आगामी दिनमा समेट्नुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ । शान्तिका लागि नागरिक समाजको संजाल अध्यक्ष बिना सिलवाल अपाङ्गता भएकाहरुको तथ्यांक लिएर प्राथमिकताका आधारमा योजना तर्जुमा गर्नुपर्ने बताउनुभयो । अपाङ्गता भएका ब्यक्तिहरुमा नै महिला र पुरुष बिच बिभेद अन्त्य गर्न जरुरी रहेको उहाँको भनाई थियो ।

कार्यक्रममा सहभागी गङ्गा खड्काले कानुनले दिएका अधिकारलाई उपयोग गर्न नसकिरहेको भन्दै कानुन कार्यन्वयन चुनौती रहेको बताउनुभयो । सहभागी कृष्ण प्रसाद अधिकारीले निर्णयमा प्रक्रियामा अपाङ्गहरुलाई सहभागी गराउन आवश्यक रहेको उल्लेख गर्नुभयो। कानुन मन्त्रालयले कानुन कार्यन्वयन भए नभएको अनुगमनका लागि आवश्यक पहल गर्नुपर्ने विषयलाई समेत उठाइएको थियो। सहभागी हरिदत्त शर्माले नीजि तथा सरकारी अस्पतालमा निशुल्क स्वास्थ्य परिक्षण हुनुपर्ने माग गर्नुभयो । राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी अध्यक्ष खोम शर्माले दिगो बिकास लक्ष्य र अपांगता भएका अवस्था र अधिकार बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## हिमाल...

बजेटमा खेलकुद प्रवर्द्धन गर्न सक्ने गरी रकम विनियोजन गर्ने प्रतिबद्धता जनाए । विभिन्न पेसा व्यवसायमा आवद्ध व्यक्तिलाई एकै ठाउँमा उभ्याउने भएकाले खेलकुद एकताको प्रतिक भएको उनले बताए । 'देशमा सबै कुरा विभाजित छन् । तर, खेलकुदले विभिन्न ठाउँमा रहेकालाई एकै ठाउँमा ल्याउँछ,' मेयर आचार्यले भने, 'खेलकुद प्रवर्द्धन र खेलाडी उत्पादनमा हामी जोड दिन्छौं ।'महानगर खेलकुद विकास समिति अध्यक्ष दीपक गोदारले पहिलोपटक साइक्लिङ प्रतियोगिता आयोजना गरेको र निरन्तरता दिने बताए । पोखरामा साइक्लिङको सम्भावना भएको र स्वास्थ्यका लागि पनि राम्रो हुने भएकाले साइक्लिङ प्रवर्द्धनमा जोड दिने उनको भनाइ थियो ।

## पोखरामा...

समेत छलफल हुने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

सम्मेलनमा ६९ वटा वैज्ञानिक कार्यपत्रहरूमा विशेष छलफल हुनेछ । सम्मेलनमा पशु विज्ञान र मत्स्य क्षेत्रमा क्रियाशील वैज्ञानिक, पशुचिकित्सक, प्राध्यापक, अनुसन्धानकर्ता र उद्यमी कृषक गरी ४०० को सहभागिता रहेको छ। असार ४ गतेसम्म सञ्चालन हुने सम्मेलनमा भारत, श्रीलङ्का, बङ्गलादेशलगायत सार्क राष्ट्रका भेटेरिनरी एशोसिएशनका प्रतिनिधिसमेत सहभागी छन् । सम्मेलनले नेपाल र नेपालको भेटेरिनरी क्षेत्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन सहयोग पुग्ने विश्वास आयोजकको छ।


गर्मी र बर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।

◆ बासी र सडेगलेका खानेकुराहरू नखाऔं ।
◆ पाकेको खाना मात्र खाऔं ।
◆ झिंङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
◆ खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
◆ फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
◆ सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# राजनीतिक आडमा करको दुरुपयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नायब सुब्बाले राजनीतिक नेताको आडमा कसरी कमाउन सक्दारहेछन भन्ने मुद्दा दायर गरेर जानकारी गराएको छ । छोटो अबधि नासुको जागिरबाट धनसम्पत्ति जोडिन्छ भन्ने बुझ्न पनि सघाउने काम भएको छानायब सुब्बा पदमा झण्डै ४ वर्ष जागिर गरेकै अवधिमा एक व्यक्तिले ६ करोडभन्दा बढी रुपैयाँ गैरकानूनी आर्जन गर्नुका साथै काठमाडौं र ललितपुरमा १० रोपनी जग्गा खरिद गरेको पाइएको छ । मन्त्रीको पिए भएकाले कसरी पद र शक्तिको दुरुपयोग हुन्छ भन्ने बुझ्न पनि सहयोग गरेको छ । आफैं सञ्चालक रहेको विद म्यानेजमेन्ट प्रालि नामक कम्पनीदेखि चितवनको माडीस्थित खनिज कम्पनीमा समेत करोडौं रुपैयाँ लगानी गरेको भेटिएको छ। झापाको कलवलगुडीस्थित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका तत्कालीन वरिष्ठ व्यवस्थापन सहायक भीमकान्त भण्डारीले जागिरको झण्डै ४ वर्षको अवधिमा नै स्रोत खुल्न नसकेको ६ करोड २४ लाख ६ रूपैयाँ भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको छ।

२०७३ असोज २१ गते राजपत्र अनंकित प्रथम श्रेणी वरिष्ठ व्यवस्थापन सहायक पदबाट सार्वजनिक सेवामा प्रवेश गरेका भण्डारीले २०७७ साउन १ गतेमा स्वेच्छिक अवकाश लिएका थिए । उनले काठमाडौं महानगरमा २ छुट्टाछुट्टै कित्ताको ६ रोपनी जग्गा र ललितपुर महानगरमा ३ रोपनी ६ आना जग्गा खरिद गरेको देखिएको छ । अख्तियारले गरेको अनुसन्धानमा उनले विभिन्न कम्पनीमा लगानी गरेको देखिन्छ। काठमाडौंको तल्लो डुडेचौर ८ मा कित्ता नम्बर ७४ को क्षेत्रफल ३ रोपनी र कित्ता नम्बर १२३ को ३ रोपनी ५ आना जग्गा खरिदमा उनले ३ करोड ३३ लाख ३० हजार रुपैयाँ र रजिस्ट्रेसन दस्तुरबापत १६ लाख रुपैयाँ लगानी गरेका छन् । ललितपुरको तिकुतोल ८ कित्ता नम्बर ५८ को क्षेत्रफल ३ रोपनी ६ आना जग्गा २ लाख रुपैयाँमा खरिद गरेको देखिएको छ।

आफू सञ्चालक रहेको विद म्यानेजमेन्ट प्रालिको नाममा विभिन्न समयमा उनले लाखौं रुपैयाँ लगानी गरेको देखिएको छ। माडीमा खनिज प्रालिमा शुरूको लगानी ६५ लाख रुपैयाँ, माडी खनिज प्रालिमै थप ३५ लाख रुपैयाँ लगानी गरेको पाइएको छ। उनले सञ्चालन गरेको बीएम डेभलपर्स प्रालिमा ५२ लाख रुपैयाँ, विद म्यानेजमेन्ट प्रालिमा थप ७५ लाख रुपैयाँ लगानी गरेका छन्। सेवा रेमिट प्रालिमा २ लाख ७६ हजार रुपैयाँ लगानी गरेका छन्। उनकी पत्नी विमला पन्थीको नाममा विभिन्न बैंकमा ९५ हजार ६९२ रुपैयाँ मौज्दात रहेको देखिएको छ। जम्मा ५ करोड ८१ लाख १७ हजार १९२ रुपैयाँ ४ वर्षको अवधिमा लगानी तथा खर्च देखिएको छ।

त्यसपछि विद म्यानेजमेन्ट प्रालिमा थप ४० लाख रुपैयाँ लगानी गरेको देखिएको छ। विद म्यानेजमेन्ट प्रालिमा शुरूमा लगानी १० लाख, पछि थप लगानी १५ लाख, विभिन्न कम्पनीको शेयर खरिदमा २ लाख ४५ हजार ८५० गरी जम्मा ६९ लाख ३८ हजार ४०० रुपैयाँ आर्थिक वर्ष २०७७/०७८ मा मात्र लगानी गरेको देखिएको छ। गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्दै उनीविरुद्ध शुक्रवार विशेष अदालतमा मुद्दा दर्ता गरिएको आयोगले विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ। आयोगका अनुसार सेवा प्रवेश गरेको मितिदेखि २०७८ पुस मसान्तसम्मलाई जाँच अवधि कायम गरी आय-व्यय गणना गर्दा भण्डारीको पारिश्रमिक, श्रीमतीको पारिश्रमिक बचत, कर्मचारी सञ्चय कोषबाट लिएको ऋण सापटी, निज सार्वजनिक सेवा प्रवेश पूर्वको बचत (जाँच अवधि अघिको बचत) समेत गरी जम्मा २६ लाख ६१ हजार ६३६ रुपैयाँ आयआर्जन गरेको देखिन्छ।

खर्च तथा लगानी (व्यय) तर्फ जग्गा खरिद, विभिन्न बैंक तथा हाइड्रोपावर कम्पनीहरूको शेयर खरिद र विभिन्न बैंकमा रहेको मौज्दात समेत गरी जम्मा ६ करोड ५० लाख ६५ हजार ६४२ रुपैयाँ खर्च तथा लगानी गरेको अनुसन्धानबाट खुलेको छ। उनको कूल आयआर्जन र उनले गरेको कूल खर्च तथा लगानी (व्यय) घटाउँदा हुन आउने ६ करोड २४ लाख ४ हजार ६ रुपैयाँ बराबरको खर्च तथा लगानी (सम्पत्ति) को स्रोत खुल्न नआएको अभियोग पत्रमा उल्लेख छ। कोरोनाकालमा विद ल्याबमा कोरोनाको परीक्षण गरेका उनी पछि विद म्यानेजमेन्ट प्रालिको नाममा विभिन्न सरकारी कार्यालयमा आपूर्तिकर्ताको रूपमा ठेक्कापट्टामा संलग्न हुँदै आएका छन्। पैत्रिक सम्पत्ति नभएका, पेशागत व्यवसाय नभएका नेताको आडमा अकुत सम्पत्ति भएका धेरै छन । अख्तियारको कार्यक्षेत्र सिमित गरिएको हुँदा धेरैलाई मुद्दा चलाउने अवस्था छैन । संविधानमा जानाजान अख्तियारको क्षेत्र संकुचन गरिएको हुँदा भ्रष्टाचारीलाई कार्वाही गर्नु अघि अनुसन्धान कमजोर हुने गरेको छ। नेपालमा भ्रष्टाचार गर्नेलाई कम जरिवाना गर्नु राज्यलेअँगालेको निति विपरीत हो।अख्तियारले दायर गरेका भ्रष्टाचार,अकुत सम्पत्ति सम्बन्धी छन । ती मुद्दामा धेरै धरौटी गर्नुपर्छ भन्ने पाठ पनि दिएकोमा छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा वडा ८ को योजना तर्जुमा गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

पोखरा महानगरपालिका वडा नम्बर ८ ले वर्ष २०७९/०८० का लागि वार्षिक योजना तर्जुमा गोष्ठी सम्पन्न गरेको छ।

योजना तर्जुमा गोष्ठीमा वडा ९ स्थित विभिन्न संघसंस्था, टोल विकास समिति, क्लव, आमा समुह, वडास्थित राजनीतिक दलका प्रतिनिधी, जननिर्वाचित प्रतिनिधी लगायतको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागिहरुले वडा भित्र आफ्नों संस्थाले गर्न चाहेका योजनाका बारेमा अवगत गराएका थिए । स-साना गतिविधीभन्दापनि ठूला खाले योजनालाई प्राथमिकतामा राख्न उनीहरुले जनप्रतिनिधीलाई सुझाव दिए । भौतिक विकास, खानेपानी, शिक्षा, स्वास्थ्य, शौचालय, चौतारा, पार्क निर्माण लगायतमा उनीहरुले जोड दिएका थिए। कार्यक्रममा बोल्दै वडाध्यक्ष रुद्रनाथ बरालले गोष्ठीमा उठेका सुझाव तथा कार्यक्रमहरुलाई आगामी योजनामा समेटन सक्दो प्रयास गर्ने बताए । उनले वडास्थित विभिन्न सामाजिक संघसंस्थाहरुसंग हातेमालो गर्दै अघि बढ्ने प्रतिवद्धता जाहेर गरेका थिए।

# चितुवा नियन्त्रणका लागि तीन ठाउँमा खोर

**पोखरापत्र संवाददाता**
**दमौली, ४ असार**

तनहुँको बन्दीपुर गाउँपालिकामा चितुवाको त्रास बढेपछि नियन्त्रणका लागि तीन ठाउँमा पासो थापिएको छ । डिभिजन वन कार्यालय तनहुँले बन्दीपुर गाउँपालिका-१ का तीन ठाउँमा चितुवा नियन्त्रणका लागि खोर राखेको हो।

बन्दीपुर-१ का प्युघर, बाघदले र छापमा बाख्रासहितको खोर राखिएको गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो। बन्दीपुर-१ र ४ मा चार दिनको अवधिमा चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भएको छ भने दुई घाइते भएका छन्।

चितुवाको आतङ्क बढेपछि डिभिजन वन कार्यालयसँगको सहकार्यमा खोर राखिए पनि चितुवा नियन्त्रणमा आउन नसकेको श्रेष्ठले बताउनुभयो । "चितुवाको आतङ्कले यस क्षेत्रका सर्वसाधारण त्रसित छन्", उहाँले भन्नुभयो। विगत केही वर्षदेखि तनहुँमा मानव र वन्यजन्तुबीचको द्वन्द्व बद्दो अवस्थामा छ । विशेषगरी जिल्लामा चितुवाको आक्रमणबाट मानिसको ज्यान जाने गरेको हो । बर्सेनि चितुवाको आक्रमणबाट मानिसको मृत्यु हुने र घाइते हुने क्रम रोकिएको छैन । गत मङ्गलबार चितुवाको आक्रमणबाट मृत्यु भएका बन्दीपुर-१ का पाँच वर्षीय बालक सुप्रिम बगाले मगरको परिवारलाई डिभिजन वन कार्यालय र बन्दीपुर गाउँपालिकाले रु ५०-५० हजार हस्तान्तरण गरेको छ । डिभिजन वन कार्यालयबाट थप रु नौ लाख ५० हजार राहत प्रदान गरिने जनाइएको छ।

यसैबीच गाउँपालिकाले चितुवाको आक्रमणबाट घाइते दुई जनालाई उपचार खर्च सहयोग गरेको छ। गत शनिबार राति र आइतबार बिहान चितुवाको आक्रमणबाट घाइते दुई जनालाई गाउँपालिकाले उपचार खर्च सहयोग गरेको हो। बन्दीपुर-४ की आठ वर्षीया रियाना थापा र बन्दीपुर-१ बाघदलेका ३५ वर्षीया भीमलाल गरञ्जालाई जनही रु १० हजारका दरले उपचार खर्च सहयोग गरिएको गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो।

बन्दीपुरका अध्यक्ष सुरेन्द्र थापाले चितुवाको आक्रमणबाट बच्न सतर्कता अपनाउन आग्रह गर्नुभयो । डिभिजन वन कार्यालयका सहायक वन अधिकृत काशीराज पण्डितले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन र एक्लै नहिँड्न आग्रह गर्नुभयो । "चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाऔं, झाडी सफा गरौं, एक्लै नहिँडौं", उहाँले भन्नुभयो, "बच्चा तथा वृद्धहरूको विशेष ख्याल र रेखदेख गरौं ।" पछिल्लो केही वर्षयता तनहुँमा चितुवाको आक्रमणबाट मानिस घाइते तथा मृत्यु हुने क्रम बढेको छ। मृग, वनकुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिंदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको वनको भनाइ छ । "मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नेतर्फ सबै लाग्नुपर्छ", उहाँले भन्नुभयो। जङ्गल फडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । वनजङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ। चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको शिकार मानिस हुन थालेको अध्ययनबाट देखिएको छ । चितुवाको आक्रमणबाट पछिल्लो पाँच वर्षको अवधिमा १२ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन्।

चितुवाको आक्रमणबाट विसं २०७४ फागुन १ गते भानु नगरपालिका-३ दोरदोरका छ वर्षीय विशाल श्रेष्ठ, विसं २०७५ कात्तिक २९ गते भानु-४ जोखानेका चार वर्षीया रञ्जिता लम्साल, मङ्सिर १५ गते भानु-२ ढल्केवरका १० वर्षीय अमृत गुरुङ, विसं २०७६ जेठ २४ गते भानु-२ भकुण्डथोक निवासी नौ वर्षीया पुष्पा अधिकारी, असोज २१ गते भानु-१ जामुनेगैह्राका चार वर्षीय आशिष बानियाँ र भानु-२ फुस्रेटारमा सात वर्षीय ऋतिक रोकाको मृत्यु भएको थियो । त्यस्तै विसं २०७६ पुस १४ गते शुक्लागण्डकी नगरपालिका-३ रातमाटाका २२ महिनाका बालक रविन नेपाली, पुस २० गते आँबुखैरेनी गाउँपालिका-१ रानागाउँका आठ वर्षीय पुजन सिञ्जाली, माघ १३ गते बन्दीपुर-४ लोहीपाखाका १० वर्षीय इशक सुनार, विसं २०७७ साउन २२ गते शुक्लागण्डकी-२ का डेढ वर्षीय नारायण रानाको चितुवाको आक्रमण मृत्यु भएको थियो।

# स्याङ्जाली दिदीबहिनी मानव सेवा आश्रममा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**

स्याङ्जाली दिदीबहिनी एकता समाज पोखराले शनिवार स्वास्थ्य परिक्षण तथा औंषधी वितरण गरेको छ।

समाजले पोखरा - १७ छोरेपाटनस्थित मानव सेवा आश्रममा आश्रित रहेकाहरुका लागि स्वास्थ्य परिक्षण र औंषधी वितरण गरेको हो। चरक मेमोरियल हस्पिटल र गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोगमा कार्यक्रम गरिएको हो । त्यसअवसरमा आश्रममा आश्रित एक सय ५२ जनाको स्वास्थ्य परिक्षण गरी औंषधी वितरण गरिएको थियो । 'मानवीय सेवाका लागि कार्यक्रम गरेका हौं, कार्यक्रम संयोजक एवं समाजकी सल्लाहाकार गीता पंगेनी पौडेलले भन्नुभयो, मानवीय सेवा नै सबै भन्दा ठूलो पुण्य हो ।' कार्यक्रममा डा. सन्तोष अधिकारी, डा. अच्युत आचार्य, संजय राना, प्रमिता श्रेष्ठ, सागर पौडेल, मनिषा कंडेल, इन्सान थापाको समूहले स्वास्थ्य परिक्षण गर्नुभएको थियो। कार्यक्रमलाई डा. जयबहादुर खत्री, नवराज पौडेल र ईश्वर रेग्मीले सहयो पुऱ्याउनु भएको थियो । कार्यक्रम उद्घाटन गर्दै चरक मेमोरियल अस्पतालका डा. सन्तोष अधिकारीले मानवीय सेवाका लागि आफू सदैव अग्रसर रहने बताउनुभयो । नेपाल प्रेस युनियन कास्कीका निवर्तमान अध्यक्ष नवीन सिग्देलले सबै मिलेर मानवीय सेवामा जुट्नुपर्ने उल्लेख गर्नुभयो । मानव सेवा आश्रम कास्कीका संयोजक राजन सापकोटाले व्यक्ति/व्यक्तिको सहयोगले आश्रम संचालन भएको बताउनुभयो । समाजका अध्यक्ष सङ्गिता अधिकारी र सचिव सपना गिरीले आवश्यकता अनुसार सेवामूलक कार्यक्रम संचालन गरिने जानकारी दिनुभयो।




स्याङ्जा माइती घर भई विवाह गरेर कास्की वा स्याङ्जामा नै घर भएका महिलाहरुको स्याङ्जाली दिदीबहिनी एकता समाज गठन गरेका हुन् । समाज हाल एक सय जना आवद्ध हुनुहुन्छ । समाजका अध्यक्ष सङ्गिता अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सहसचिव एवं कार्यक्रम संयोजक गीता पंगेनी पौडेलले स्वागत र सचिव सपना गिरीले संचालन गर्नुभएको थियो।

# उद्घाटनखेलमा विरगंजलाई हराउँदै आयोजक सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असार**



हेमजा युनाइटेड क्लबको अयोजनामा शनिबारदेखि छैटौं हेमजा शुभकामना गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ।

पोखरा २५ हेमजा स्थित गौरीशंकर खेल मैदानमा भएको उद्घाटन खेलमा आयोजकले विरगंज युनाइटेड माथि ३-१ को जित निकाल्दै सेमिफाइनलमा प्रवेश गरेको छ । खेलको सुरुवात देखि नै निकै दबदबा राखेको हेमजाका लागि सुमन अर्याल नायक बने । उनले २ गोलको महत्वपूर्ण योगदान दिए। यस्तै अर्को गोल कमल थापा मगरले गरे । विरगंजका लागि कृपा चौधरीले गोल गरे।

सुरुवात देखिनै खेललाई आफ्नो नियन्त्रणमा राखेको हेमजाले खेलको दोस्रो मिनेटमै गोल गर्ने अवसर खेर गयो । कमलले नै गरेको करिब ८० यार्ड टाढाबाट गरेको शसक्त प्रहारमा विरगंजका गोलरक्षक तथा कप्तान दिलमणी चौधरी बाधक बने लगत्तै विरगंजका विवेक चौधरीको प्रहारलाई हेमजाका गोलरक्षक दिप कार्कीले बचाउ गरे। ७ औं मिनेटमा सुरज ज्यु ठकुरीको क्रसमा सुमन अर्यालको प्रहारमा विरगंजका डिफेन्डर शिसास थापा बाधक बने । उनले हेमजाको गोल गर्ने सुवर्ण अवसरलाई डिफेन्ड लाइनबाट क्लियर गरिदिए । खेलको ११ औं मिनेटमा हेमजाले पेनाल्टीको अवसर प्राप्त गऱ्यो । हेमजाका सुनिल विकको क्रसलाई डि एरियाभित्र नियन्त्रणमा लिने प्रयास गर्दा विरगंजका सृर्जन क्षेत्रीको हातमा लागेपछि पेनाल्टीको अवसर प्राप्त गरेको थियो। उक्त पेनाल्टीमा सुमनले सहजै गोल गरे । २७ औं मिनेटमा हेमजाका फ्लोरेन्टले विरगंजका कृपा चौधरीलाई डि एरिया नजिकै लडाएपछि विरगंजले खेलमा फर्किने अवसर प्राप्त गरेको थियो। निकै नजिकबाट पाएको स्वर्ण फ्रि-किकको विवेक चौधरीले सदुपयोग गर्न सकेनन्। उनको प्रहार बाहिरियो। २८ औं मिनेटमा हेमजाका कप्तान मनबहादुर तामाङको क्रसपासमा कमलले उत्कृष्ट हेडर गर्दा गोलरक्षक दिलमणीले बचाउ गरे।

२९ औं मिनेटमा विरगंगका विवेक अफसाइड रहँदा बराबरी गर्नबाट चुके । कृपाले उत्कृष्ट क्रसपास गरेपनि उनी पहिले नै अफसाइड रहँदा बराबरीको अवसर खेर गएको हो । खेलको ३६ औं मिनेटमा कमलले डिबक्सभन्दा बाहिरबाट शक्तिशाली प्रहार विरगंजका गोलरक्षकको हातमा लाग्दै गोल हुन पुगेको थियो । त्यसपछि विरगंज निकै दबाबमा परेको थियो । पहिलो हाफमा २ गोलले पछि परेको विरगंजको दोस्रो हाफको अन्त्यमा मात्रै खेलमा फर्किने प्रयास गरेको थियो त्यतिन्जेल निकै ढिला भइसकेको थियो । हेमजाले दोस्रो हाफको सुरुवाती २ मिनेटमै गोल गर्दै अग्रता तेब्बर पार्दा विरगंज समस्यामा परेको थियो । खेलको ४८ औं मिनेटमा हेमजाका सुमनले व्यक्तिगत दोस्रो गोल गरे । उनी खेलको म्यान अफदी म्याच समेत घोषित भए।

विरगंजले खेल सकिन केहि मिनेटमात्रै बाकिँ रहँदा ३ वटा अवसर खेर फालेको थियो । उक्त अवसर खेरजादाँ जितबाट बञ्चित हुँदै घर फर्किएको छ । निर्धारित समयको पाँच मिनेट बाकिँ रहँदा विरगंजका कृपा चौधरीको लगातारको ३ अवसर खेर गयो । उनको चौथो प्रयास भने गोलमा परिणत भयो। उनले खेलको ८८ औं मिनेटमा गोल गरे । ८ दिनसम्म संचालन हुने प्रतियोगिताको विजेताले ६ लाख रुपैयाँको साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ३ लाख रुपैयाँको साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ए डिभिजन र आयोजक सहित ८ टिमको सहभागिता रहने छ। हेम्जा युनाइटेड पोखरामा सम्पन्न कास्की जिल्ला क्लब स्तरीय लिग विजेता समेत हो । यसैगरी पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले प्रतियोगिताको उद्घाटन पश्चात बोल्दै हेमजामा खेल पुर्वाधार विकासका लागि बसेर छलफल गर्ने बताए। उनले हेमजाले पोखरा रगंशाला भन्दा बाहिरपनि ठुला प्रतियोगिता सम्भव भएको सन्देश शुभकामना गोल्डकपले दिएको बताए । उनले अब गोल्डकपलाई निरन्तरता दिन समेत आग्रह गरे। प्रतियोगिता एक पटक गरेर हराउँने नभई यसलाई निरन्तरता दिन अनुरोध गर्दै महानगरले सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे । प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा नेपाल आइस रहेको छ।

# आगलागीमा परेर वृद्धाको मृत्यु

**पोखरापत्र संवाददाता**
**गोखरा, ४ असार**

गोरखामा आगलागीमा परेर एक वृद्धाको मृत्यु भएको छ। सहिद लखन गाउँपालिका-७ जामुनेकी ६९ वर्षकी केशरीमाया वस्तीको आगलागीमा परेर गए राति मृत्यु भएको वडाध्यक्ष शरण श्रेष्ठले जानकारी दिनुभयो।

घरभित्रको खाना पकाउने ग्यास सिलिण्डर विस्फोट भएर आगलागी हुँदा वस्तीको मृत्यु भएको उहाँले बताउनुभयो।

गए राति घटना भए पनि बिहानमात्र स्थानीयवासीले घटनाका बारेमा जानकारी पाएका थिए । एकान्तमा रहेको घरमा वस्ती एक्लै बस्दै आउनुभएको स्थानीयवासीको भनाइ छ। आगलागीबाट घरमा रहेका सम्पूर्ण सामग्रीसमेत जलेर पूर्णरूपमा नष्ट भएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो। "घटनाको प्रकृति हेर्दा शुक्रबार साँझ घटेजस्तो देखिन्छ", जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी उपरीक्षक केदार खनालले भन्नुभयो, "तर बिहान ७:३० बजे मात्र मृतकका छोराले थाहा पाएर सबैलाई जानकारी गराएपछि घटनाका बारेमा थाहा भएको हो।"

